राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 24, Issue 4 No. 169 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Kartik 2081 (October/November-2024)

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा कम्पनीको सहयोग

नेपाल टेलिकमले आश्विन १० देखि १२ गते सम्म देशभरी नै परेको अविरल वर्षाका कारणले देशका विभिन्न स्थानहरुमा भएको बाढी, पहिरो तथा डुबान लगायतका प्राकृतिक विपत्तिका पीडितहरुलाई राहत स्वरूप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरेको छ ।



नेपाल टेलिकममा कार्यरत सम्पूर्ण कर्मचारीहरुको तर्फबाट उक्त बाढी, पहिरो तथा डुबानका पीडितहरुलाई राहत वितरण कार्यमा सहयोग पुगोस् भन्ने उद्देश्यले कोषमा रु. १,०२,७०,२१४।८३ (अक्षेरेपी एक करोड दुई लाख सत्तरी हजार दुई सय चौध र पैसा त्रियासी मात्र) जम्मा गरिएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०८१।०७।१३ गते सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल तथा नेपाल टेलिकमका प्रमुख अधिकृतहरु समेतको उपस्थितिमा कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई कोषमा रकम जम्मा गरेको जानकारी पत्र हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल टेलिकम राष्ट्रको सम्पत्ति रहेको उल्लेख गर्नुहुँदै संस्थाको साख उच्च राख्दै जनतालाई गुणस्तरीय दूरसञ्चार सेवा प्रवाह गर्ने गरी अगाडी बढ्न निर्देशन दिनुभयो । साथै प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले देशैभरी विपत्तिले आक्रान्त पारेको समयमा कम्पनीमा कार्यरत कर्मचारीहरुको तर्फबाट सहयोग गर्न पाउँदा खुशी व्यक्त गर्दै कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

## सुन्धारा कार्यालयमा रोबोटबाट ग्राहक सेवा

नेपाल टेलिकमले दूरसञ्चार कार्यालय सुन्धारामा रोबोटको माध्यमबाट ग्राहक सेवा प्रदान गर्ने कार्यको सुरुवात गरेको छ । यही मङ्सिर २ गते दूरसञ्चार कार्यालय सुन्धारामा आयोजित कार्यक्रममा पत्रकार सम्मेलन गरी 'मैना' नाम दिइएको उक्त रोबोटलाई परीक्षणको रुपमा सञ्चालन गरिएको हो ।

नेपाल टेलिकम भित्र AI प्रविधि मार्फत ग्राहक सेवालाई अत्याधुनिक गर्दै जाने उद्देश्य स्वरूप सुन्धारा कार्यालयमा मैना रोबोट लाई प्रवेश गराइएको हो । नेपाल टेलिकमका सेवाहरुको जानकारी, सेवा प्राप्त गर्नका लागि आवश्यक कागजात तथा प्रकृयाका साथै नेपाल टेलिकमका विविध अफरहरुका बारेमा ग्राहकले राख्ने जिज्ञासाको समाधान मैनाले गर्न सक्नेछ ।

रोबोट प्रयोग गर्न सबैभन्दा पहिले रोबोटको अगाडि राखिएको डिस्प्लेमा रहेको 'अगाडि बढ्नुहोस्' लेखिएको बटनमा थिचेर आफ्नो जिज्ञासा राख्न सकिन्छ। रोबोटले सोही अनुसार ग्राहकले सोधेका सबै प्रश्नको जवाफ सिलसिलेवार रुपमा तत्काले दिन सक्ने छ ।



सेवा शुभारम्भ कार्यक्रममा बोल्दै कम्पनीका निमित्त प्रमुख व्यावसायिक अधिकृत सुबोध रिमालले ग्राहकको भिडभाड हुने कार्यालयहरुमा ग्राहक सेवाका प्रतिनिधिहरुलाई सेवा प्रदान गर्ने कार्यमा शीघ्रता प्रदान गर्न र ग्राहकका जिज्ञासाहरुलाई सम्बोधन गरी सेवा प्रवाहमा चुस्तता ल्याउन सकिने भएकोले दूरसञ्चार कार्यालय सुन्धाराको समन्वयमा रोबोटबाट सेवा प्रदान गर्ने कार्य शुरु गरिएको र यसको सफलतालाई मध्यनजर गर्दै आगामी दिनमा अन्य स्थानहरुमा पनि यसरी नै सेवा प्रदान गर्दै जाने कम्पनीको योजना रहेको बताउनु भयो ।

यसैगरी दूरसञ्चार कार्यालय सुन्धाराका कार्यालय प्रमुख दिनेश चन्द्र पन्थीले ग्राहकहरुको अत्यधिक भिड हुने दूरसञ्चार कार्यालय सुन्धारालाई नेपाल टेलिकमको उदाहरणीय सेवा प्रवाह गर्ने कार्यालयको हिसाबमा स्थापित गर्ने कार्यको निरन्तरता स्वरूप सेवा विस्तारलाई रोबोटिक कन्सेप्टमा लैजान लागिएको बताउनुभयो । उहाँले परीक्षणको रुपमा प्रयोग गरिएको मैनालाई छिटै थप परिस्कृत गरी आधुनिक प्रविधि सहित ग्राहकहरुलाई छिटो र भरपर्दो सेवा दिने बताउनु भयो ।

(बाँकी पृष्ठ २ मा)

# मधेश प्रदेश गतिविधि

### फाइबर नेटवर्क विस्तार

मधेश प्रदेशका प्राविधिक रुपमा सम्भाव्य ठाउँ र व्यक्ति सम्म सञ्चार सेवाको पहुँच गुणस्तरीय र प्रभावकारी बनाउन प्रादेशिक निर्देशनालय वीरगञ्जले विगत चार वर्षदेखि FTTH Network मा मुख्य जोड दिदै आइरहेको छ। FTTH Network विस्तार कार्यक्रम अन्तर्गत यस प्रादेशिक निर्देशनालयले आर्थिक वर्ष २०८१।८२ मा मधेश प्रदेशभरी कुल १०६ वटा FDC अर्थात करिब ३०,००० (तीस हजार) Home pass जडान गर्ने योजना राखेको छ। १०६ FDC मध्ये ३० वटा FDC-512 Capacity को तथा ७६ वटा FDC-256 Capacity को जडान गर्ने योजना गरी ७२२६ वटा CPE अर्थात ७२२६ थप ग्राहक लाई FTTH सेवा वितरण गर्ने योजना रहेको छ। योजना अनुसार कार्य गर्दै प्रादेशिक निर्देशनालयबाट श्रावण देखि कार्तिक सम्मको चार महिनाको अन्तरालमा कुल २० वटा FDC अर्थात ६८९२ Home pass को जडान कार्य सम्पन्न गरिसकिएको छ।



FTTH Network जडान कार्य छिटो र छरितो बनाउन आगामी तीन महिना भित्र सम्पन्न हुने गरी १८ वटा FDC जडान Sealed Quotation (SQ) बाट र १२ वटा FDC जडान कार्यालय बाट हुने गरी कुल तीस वटा नयाँ FDC Network जडान कार्य पनि अगाडि बढिसकेको छ। आ.व. २०८१।८२ का लागि ७२२६ ग्राहक लाई CPE वितरण गर्ने लक्ष्य मध्ये कार्तिक सम्ममा नयाँ लाईन ५१४ वटा तथा माईग्रेशन ४६८ वटा गरी कुल ९८२ वटा CPE वितरण भइसकेको छ। प्रादेशिक निर्देशनालय वीरगञ्जले २०८१।८२ को अन्त सम्ममा मधेश प्रदेशका सम्पूर्ण नगरपालिकाहरुमा FTTH Network सेवा पुऱ्याई सक्ने योजना समेत राखी व्यापार प्रवर्धनका लागि विभिन्न किसिमका विज्ञापन, मार्केटिङ्ग, घरदैलो जस्ता प्रभावकारी कार्यक्रमहरुलाई थप जोड दिदै आइरहेको छ।

### महागढीमाईको मेलामा व्यवसाय प्रवर्धन

बारा जिल्लाको महागढीमाई नगरपालिका - १, बरियारपुरको गढीमाई मन्दिरमा हरेक पाँच - पाँच वर्षमा करिब एक महिना सम्म लाग्ने र सबैभन्दा ठूलो बलि दिने मेलाको नामले समेत चिनिने प्रख्यात महागढीमाई मेला यसै वर्ष मंसिरमा लागिरहेको छ। नेपालका विभिन्न क्षेत्रबाट लाखौंको संख्यामा दर्शनार्थीहरू ओइरो लाग्ने यस पीठमा हजारौं भारतीय तिर्थालु तथा दर्शनार्थीहरू पनि आउने गर्दछन्। बारा जिल्लाको सदरमुकाम कलैया नगरपालिकाबाट झण्डै आठ किलोमिटर पूर्व बरियारपुरस्थित गढीमाईको मेलामा आउने भक्तजन तथा दर्शनार्थीहरू लाई भरपर्दो र गुणस्तरीय call तथा data सेवा पुऱ्याई कम्पनीको व्यवसाय समेत प्रवर्धन गर्नका लागि मोबाइल सेवा निर्देशनालय, यस प्रादेशिक निर्देशनालय र अन्तर्गतका कार्यालयको प्रयासमा BTS Upgrade गर्ने, mobile BTS राख्ने र २१ थान small Cell BTS राख्ने कार्य सम्पन्न भइसकेको छ। साथै गढीमाई नगरपालिका तथा स्थानीय विद्यालयसमेत को समन्वयमा स्टल राखी करिब ५००० नि:शूल्क प्रिपेड सिमकार्ड वितरण गर्ने व्यवस्था समेत मिलाइएको छ। मेलामा दूरसञ्चार कार्यालय वीरगञ्जद्वारा बिभिन्न सेवाहरु बिक्रि वितरण गर्नका लागि समन्वयात्मक तथा सहयोगात्मक भूमिका निर्वाह गर्दै WBB Namaste wifi testing sim set को व्यवस्था, मेलामा नि:शूल्क सिम वितरण गर्न DMS set को व्यवस्था, फ्लेक्स Stand को व्यवस्था, चार्जिङ स्टेसन तथा विभिन्न प्रचारात्मक फ्लेक्स तथा ब्यानरहरुको व्यवस्था गरेको छ।

### संस्थागत सामाजिक उतरदायित्व (CSR) का क्रियाकलाप

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रादेशिक निर्देशनालय वीरगञ्ज, मधेश प्रदेशबाट पर्साको श्री नवगाहा मा.वि., रौतहटको श्री ब्रह्मज्योती मा.वि. र महोत्तरीको सरयु मुनिलाल मा.वि. लाई प्रति विद्यालय १००/१०० वटा तथा श्री मा.वि.गोनरपुरालाई ११५ थान स्कुल ब्याग वितरण गरिएको छ।



त्यसैगरी श्री वंशिराम जयसवाल अनाथालय, गरुडा र नेपाल जनक छात्रावास, जनकपुरधाम लाई रु. ५०/५० हजार बराबरको खाद्यान्न तथा कपडा वितरण गरिएको छ। साथै पर्साको श्री जिल्ला उचांगल रामदेव कलवार मा.वि., बाराको श्री अनुप दिपा मा.वि., सर्लाहीको श्री जनज्योति मा.वि., रौतहटको श्री माध्यामिक विद्यालय, धनुषाको श्री याज्ञवल्क्य संस्कृत मा.वि., महोत्तरीको श्री महेन्द्र आदर्श महिला मा.वि. लाई FTTH इन्टरनेट तथा पर्साको श्री दिव्य कन्या मा.वि., धनुषाको श्री राष्ट्रिय मा.वि., महोत्तरीको श्री देउराली उच्च मा.वि. लाई WBB Namaste Wi-fi नि:शूल्क वितरण गरिएको छ। त्यसैगरी टुटेश्वरनाथ महादेव मन्दिर, श्री धनुष मन्दिर, श्री जलेश्वर महादेव मन्दिर, श्री चमेलीमाई मन्दिर, माता भगवती मन्दिर, कंकाली माई मन्दिर, र हनुमान मन्दिर, बहुअरी लाई डस्टबिन समेत वितरण गरिएको छ।

## नेपाल टेलिकम र विद्युत नियमन आयोगबिच समझदारीपत्रमा हस्ताक्षर

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) र विद्युत नियमन आयोगबीच नेपाल टेलिकमको क्लाउड सर्भर प्रयोग गर्ने सम्बन्धमा यही मिति २०८१ कार्तिक २ गते समझदारीपत्रमा हस्ताक्षर कार्य सम्पन्न भएको छ। यस समझदारी बमोजिम समझदारी पत्रमा उल्लेखित शर्तनामाको अधिनमा रही विद्युत नियमन आयोगले आफ्ना वेबमा आधारित सफ्टवेयर तथा एप्लिकेसनहरुको भण्डारण गर्नका लागि नेपाल टेलिकमको क्लाउड सर्भरको प्रयोग गर्नेछ।



कम्पनीका प्रमुख अधिकृतहरुको उपस्थितीमा सम्पन्न कार्यक्रममा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल तथा विद्युत नियमन आयोगको तर्फबाट सचिव मोन देवी श्रेष्ठले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

## सुन्धारा कार्यालयमा....

*(पृष्ठ १ को बाँकी)*

यसका साथै उहाँले रोबोटको प्रयोगले हामीलाई विस्तारै ग्राहक सेवाको नयाँ चरणमा प्रवेश गराउने विश्वास व्यक्त गर्दै मैनालाई छिटै व्यवसायिक रुपमा स्तरोन्नति गरिने र ग्राहकहरुले गर्ने नियमित प्रश्नहरुको जवाफका अतिरिक्त कम्पनी र सेवाहरुको बारेमा जानकारी, नयाँ प्याकेजहरुको विवरण प्राप्त गर्नुका साथसाथै नागरिक वडापत्रको काम समेत मैनाबाट गराइने बताउनुभयो।

'बलियो भेन्चर' नामक कम्पनीले निर्माण गरेको उक्त रोबोट एक किसिमको एआई च्याटबट (AI Chatbot) हो, जसले ग्राहक प्रतिनिधिले दिने सम्पूर्ण किसिमका जानकारी दिन सक्ने र कम्पनीका सेवासुविधा, नयाँ प्याकेजहरुको जानकारी र कार्यालयमा आउने सेवाग्राहीले राखेका जिज्ञासा मेटाउन उपयोगी हुने हुँदा यसको प्रयोगबाट ग्राहक सेवामा सहजता आउने विश्वास कम्पनीको रहेको छ।

# कोशी प्रदेश गतिविधि

### कपर प्रविधिको एक्सचेञ्ज Shutdown

कोशी प्रदेश अन्तर्गत विभिन्न स्थानका पुरानो कपर प्रविधिको पीएसटीएन तथा एडीएसएल एक्सचेन्जहरुलाई आधुनिक एफटीटीएच (FTTH) प्रविधिको नेटवर्कमा स्तरोन्नति गरिएको छ । E10 तथा Siemens एक्सचेञ्जहरुको Host तथा RSU यही असोज महिनाको पहिलो हप्तामा Shutdown गरिएको छ ।

समयक्रमसँगै प्रविधिको विकास तथा परिवर्तनलाई आत्मसात गर्दै FTTH प्रविधिको कार्यान्वयन पश्चात कपर नेटवर्कबाट सञ्चालनमा रहेका सम्पूर्ण लाइनहरुलाई फाइबरमा रुपान्तरण गरेसँगै उपरोक्त एक्सचेञ्जहरु Shutdown गरिएको हो ।

E10 बाट सञ्चालनमा रहेका विराटनगर Host र तिनैपैनि, रोडशेष, टंकि, र गाईघाट RSU गरी करिब




८००० लाइन क्षमताका एक्सचेञ्जहरु Shutdown गरिएको छ भने Siemens बाट सञ्चालनमा रहेका विराटनगर तथा धरान Host र रानी, विराटचोक र गोठगाउँ RSU गरी जम्मा ४००० लाइन क्षमताका एक्सचेञ्जहरु Shutdown गरिएको छ ।

यसरी पुरानो कपर प्रविधिका एक्सचेञ्जहरु Shutdown गरे पश्चात विगतमा भई रहेको विजुली खपत समेतमा कमी भई उल्लेख्य रुपमा विद्युत महशुल खर्च बचत हुनुका साथै नयाँ प्रविधिमा रुपान्तरण हुँदा शीघ्र मर्मत गर्न सकिने र मर्मत सम्भार खर्च पनि कम हुने भएको छ ।

### संस्थागत सामाजिक उतरदायित्व (CSR) गतिविधि

नेपाल टेलिकमको संस्थागत सामाजिक उतरदायित्व (CSR) कार्यक्रम अन्तर्गत यस प्रादेशिक निर्देशनालय अन्तर्गतका धार्मिक मठ मन्दिर, पुरातात्विक तथा पर्यटकीय स्थल, सार्वजनिक पार्क तथा बगैंचा लगायतका महत्वपूर्ण सार्वजनिक स्थलहरुमा कम्पनीको ब्राण्ड कलरमा लोगो अंकित ४० थान डस्टविनहरु वितरण गरिएको छ । केन्द्रीय कार्यालय, प्रमुख व्यावसायिक अधिकृतको कार्यालयबाट प्राप्त उक्त डस्टविनहरु खोटाङको हलेसी महादेव मन्दिर, भोजपुरको सिद्धकालि मन्दिर, इलामको सूर्योदय हेर्ने स्थल तथा श्रीअन्तु पोखरी, सुनसरीको बर्जुताल र झापाको शिवसताक्षीधाममा ८।८ थानका दरले हस्तान्तरण गरिएको हो ।

यसैगरी प्रादेशिक निर्देशनालय अन्तर्गतका सरकारी तथा सामुदायिक अस्पतालहरुमध्ये मोरङ जिल्लाका




रंगेली अस्पताल र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा ५।५ थान Bed Cum Chair वितरण गरिएको छ । बिरामी कुरुवाको सहजतालाई मध्यनजर गर्दै वितरण गरिएको उक्त Bed Cum Chair लाई दिनमा आराम गर्नका लागि कुर्सीको रुपमा प्रयोग गर्न सकिन्छ भने रातको समयमा सुत्नका लागि प्रयोग गर्न सकिन्छ ।

## रिचार्ज तथा महशुल भुक्तानीका विभिन्न विकल्पहरू

नेपाल टेलिकमका विभिन्न सेवाहरुमा महशुल भुक्तानी गर्न तथा बिल तिर्नका लागि पहिले जस्तो कम्पनीको काउन्टरमा नै पुग्नु पर्ने बाध्यताको अन्त्य भइसकेको छ । हाल यसका लागि विभिन्न वैकल्पिक उपायहरु अपनाउन सकिन्छ ।

नेपाल टेलिकमका सेवाहरुको महशुल भुक्तानी तथा टपअप गर्न कम्पनीको रिचार्ज कार्ड, मोबाइल भुक्तानी सेवा (MPOS) तथा KIOSK मेसिन, विभिन्न भुक्तानी सेवाका APP हरु तथा विभिन्न बैंकका अनलाइन/मोबाइल बैंकिङ सेवाहरु विकल्पको रुपमा रहेका छन् । यसैगरी ब्यालेन्स ट्रान्सफरको माध्यमबाट परिवारका सदस्यहरु र साथीभाईबीच टपअप गर्न सकिने सुविधा पनि उपलब्ध रहेको छ । यी विकल्पहरु सम्बन्धी विस्तृत जानकारी कम्पनीको वेबसाइटको पेज https://www.ntc.net.np/post/online-topup मा उपलब्ध छ ।

ग्राहकवर्गले सहजरुपमा महशुल भुक्तानी तथा टपअप गरी कम्पनीका सेवाहरु मार्फत परिवारजन तथा मित्रवर्गसँग सञ्चार सम्पर्कमा रहिरहन सहज होस् भन्ने उद्देश्यले विभिन्न विद्युतीय माध्यमबाट भुक्तानी तथा टपअपको व्यवस्था गरिएको छ ।

### मोबाइल भुक्तानी सेवा (MPOS) तथा KIOSK मेसिन

यस अन्तर्गत कम्पनीका आधिकारिक MPOS सेवा प्रदायकहरु (जस्तैः Stationery पसल, किराना पसल, पत्रिका पसल आदि) तथा सुपरमार्केट, अस्पताल, कम्पनीको कार्यालय परिसरमा जडान गरिएका KIOSK मेसिनहरुमा गई कम्पनीका सेवाहरुको महशुल भुक्तानी तथा टपअप सहज रुपमा गर्न सकिन्छ ।

### विभिन्न भुक्तानी सेवाका APP हरु

यस अन्तर्गत भुक्तानी सेवा प्रदायकहरु (जस्तैः Namaste pay, eSewa, Khalti, IMEPay आदि) का APP हरु प्रयोग गरी कम्पनीका सेवाहरुको महशुल भुक्तानी तथा टपअप सजिलै गर्न सकिन्छ ।

### विभिन्न बैंकका अनलाइन तथा मोबाइल बैंकिङ सेवाहरु

यसका लागि आफ्नो खाता भएका बैंकबाट Online Banking वा Mobile Banking को सुविधा लिई सोही बैंकको Webpage वा Mobile APP प्रयोग गरी कम्पनीका सेवाहरुको महशुल भुक्तानी तथा टपअप सहजै गर्न सकिन्छ ।

(बाँकी पृष्ठ ४ मा)

## नेपाल टेलिकम र सुदूरपश्चिम रोयल्सबिच समझदारीपत्रमा हस्ताक्षर

२०८१ मंसिर १५ गतेदेखि काठमाडौंमा आयोजना हुन गइरहेको नेपाल प्रिमियर लिग (एनपीएल) को प्रथम संस्करणमा सहभागी एक टोली सुदूरपश्चिम रोयल्स र नेपाल टेलिकमबिच प्रायोजन सम्बन्धी समझदारीपत्र आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ ।




नेपाल टेलिकम, केन्द्रीय कार्यालयमा मिति २०८१।०८।०४ मा सम्पन्न उक्त समझदारी अनुरुप एनपीएल प्रतियोगिता २०८१ मा सुदूरपश्चिम रोयल्स टिमको टेलिकम पार्टनरको रुपमा नेपाल टेलिकम रहनेछ । उक्त समझदारीपत्रमा नेपाल टेलिकमको तर्फबाट कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल तथा सुदूरपश्चिम रोयल्सको तर्फबाट टिमका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले हस्ताक्षर गर्नुभएको थियो ।

कम्पनीका उच्च पदस्थ अधिकारीहरु समेतको उपस्थितिमा सम्पन्न कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले नेपालको खेलकुद क्षेत्रको वृहत्तर विकासका लागि नेपाल टेलिकमले सदैव योगदान दिदैं आएको र नेपाली क्रिकेटसँग पनि लामो

(बाँकी पृष्ठ ४ मा)

## उपयोगी महत्वपूर्ण Short Code हरू :

### 1. Mobile Service

| Service | Purpose | Code | Method |
|---|---|---|---|
| Packages | Know Latest Offers | *1415# | Dial |
| Add-on Packages | Subscribe Add-on Packages | *1442# | Dial |
| Balance | Check Balance | *400# | Dial |
| Mobile Number | Check Your Mobile Number | *9# | Dial |
| SIM Owner | Check Your SIM Owner | *922# | Dial |
| Call Forward | Call Forward Activate | **21*Forwarding Number# | Dial |
| Call Forward | Call Forward Deactivate | ##21# | Dial |
| Call Waiting | Call Waiting Activate | *43# | Dial |
| Call Waiting | Call Waiting Deactivate | #43# | Dial |
| Balance Transfer | Transfer Balance | *422*SecurityCode *MobileNumber*Rs.# | Dial |
| Security Code | Security Code | SCODE and Send to 1415 | SMS |
| ISD | International Call Activate | #331*0000# | Dial |
| ISD | International Call Deactivate | *331*0000# | Dial |
| InternationalRoaming (Prepaid) | Roaming Activate | *1415*7# | Dial |
| InternationalRoaming (Prepaid) | Roaming Deactivate | *1415*7# | Dial |
| CRBT (Caller Ring Back Tone) | CRBT Activate | SUB to 1455 | SMS |
| CRBT (Caller Ring Back Tone) | CRBT Deactivate | Unsub to 1455 | SMS |
| Namaste Credit | Namaste Credit Activate | *1477# | Dial |
| Namaste Credit | Namaste Credit Deactivate | *1477# | Dial |
| Missed Call Alert (MCA) | MCA Activate | *1400*1# or Type 'Sub' & send SMS to 1400 | Dial/SMS |
| Missed Call Alert (MCA) | MCA Deactivate | *1400*2# or Type 'UnSub' & send SMS to 1400 | Dial/SMS |
| FNF (Friends & Family) | FNF Activate | FNFSUB9841xxxxxx to 1415 | SMS |
| FNF (Friends & Family) | FNF ADD | FNFADD01488xxxx to 1415 | SMS |

### 2. Landline, ADSL, FTTH

| Service | Purpose | Code | Method |
|---|---|---|---|
| Landline | Bill Inquiry | CB*01488xxxx to 1415 | SMS |
| NT Fiber (FTTH) | FTTH Validity | VL*NTFTTH01488xxxx to 1415 | SMS |
| NT Fiber (FTTH) | Balance Query, Package Info, Bonus Data Activation | *1416# | Dial |
| ADSL | ADSL Validity | VL*NTADSL01488xxxx to 1415 | SMS |
| ADSL | ADSL Balance Inquiry | BL*NTADSL01488xxxx to 1415 | SMS |

यी Short Codes सम्बन्धी विस्तृत जानकारी कम्पनीको वेबसाइटको पेज https://www.ntc.net.np/post/useful-short-codes मा उपलब्ध छ ।

(पृष्ठ ३ को बाँकी)

## नेपाल टेलिकम र ....

समयदेखि जोडिइरहेको सन्दर्भ उल्लेख गर्दै सुदूरपश्चिम रोयल्स मार्फत एनपीएल २०८१ मा जोडिन पाउँदा खुशी लागेको बताउनुभयो । एनपीएल २०८१ मार्फत नेपाली क्रिकेटले नयाँ उचाई प्राप्त गर्ने र यो प्रतियोगिता नेपाली खेलकुद विकासक्रमकै महत्वपूर्ण कोशेढुङ्गाको रुपमा स्थापित हुने बताउँदै यसमा सुदूरपश्चिमाञ्चल रोयल्सको विशेष भूमिका रहने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो । प्रवन्ध निर्देशक पहाडीले सुदूरपश्चिम रोयल्स टिमलाई सहकार्यका लागि हार्दिक आभार व्यक्त गर्दै प्रतियोगितामा सफलताको लागि शुभकामना पनि व्यक्त गर्नुभयो ।

यसैगरी सुदुरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले नेपाल टेलिकमसँग सहकार्य गर्न पाउँदा अत्यन्तै उत्साहित भएको उल्लेख गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा व्यक्त गर्नुभयो ।

## रिचार्ज तथा महशुल ....

(पृष्ठ ३ को बाँकी)

### व्यालेन्स ट्रान्सफरको व्यवस्थामा परिमार्जन

जीएसएम प्रिपेड मोबाइलबाट अर्को मोबाइलमा गरिने व्यालेन्स ट्रान्सफरको व्यवस्थालाई परिमार्जन गरिएको छ । पहिले कम्पनीको एउटा प्रिपेड मोबाइलबाट अर्को प्रिपेड मोबाइल वा अर्को पोस्टपेड मोबाइलमा USSD कोडमार्फत एक दिनमा बढीमा पाँच पटकसम्म र प्रत्येक पटक अधिकतम एकसय रुपैयाँसम्म ट्रान्सफर गर्न सकिने व्यवस्था रहेकोमा परिमार्जित व्यवस्था अनुसार अब एक दिनमा बढीमा दश पटकसम्म र एक पटकमा दश रुपैयाँदेखि दुईसय रुपैयाँसम्म व्यालेन्स ट्रान्सफर गर्न सकिनेछ । यसका लागि मोबाइलबाट *422*SCode*MobileNumber*AmountInRupees# डायल गर्नुपर्दछ भने यसमा उल्लेख गरिएको SCODE (सेक्युरिटी कोड) प्राप्त गर्न SCODE टाइप गरी १४१५ मा SMS पठाउनु पर्दछ । उदाहरणका लागि व्यालेन्स ट्रान्सफर गर्नुपर्ने मोबाइल नम्बर ९८४१xxxxxx मा रु.२०० ट्रान्सफर गर्न *422*SCode*9841xxxxxx*200# डायल गर्नु पर्दछ । USSD कोडको अलावा नेपाल टेलिकमको मोबाइल एप (Nepal Telecom APP) बाट पनि व्यालेन्स ट्रान्सफर गर्न सकिन्छ । यसरी व्यालेन्स ट्रान्सफर गरेपछि रकम पठाउने र रकम प्राप्त गर्ने दुवै नम्बरमा ट्रान्सफर गरिएको रकम सहितको सन्देश १४१५ बाट SMS Alert को रुपमा प्राप्त हुन्छ ।

## नेपाल टेलिकमको Corporate TV प्याकेज सञ्चालनमा

नेपाल टेलिकमले कर्पोरेट ग्राहकहरुको मागलाई ध्यानमा राखी Corporate TV/Premium FTTH/Corporate FTTH Package हरु सञ्चालनमा ल्याएको छ । यस प्याकेज अन्तर्गत ४ वटा वा सो भन्दा बढी TV सञ्चालन गर्ने कर्पोरेट ग्राहकहरुले सहुलियत दरमा बेसिक तथा प्रिमियम प्याकेजहरु खरिद गर्न सक्नेछन् ।

४ देखि १० वटा TV सञ्चालन गर्ने ग्राहकहरुले प्रति सेट टप बक्स मू.अ.कर सहित रु. २ हजार ९ सय अठ्तीस रुपैयाँमा १ वर्ष वारेन्टी सहित खरिद गर्न सक्नेछन् भने ११ वटा वा सो भन्दा बढी TV सञ्चालन गर्ने ग्राहकहरुले मू.अ.कर सहित रु. २ हजार ८ सय पच्चीस रुपैयाँमा १ वर्ष वारेन्टी सहित सेट टप बक्स खरिद गर्न सक्नेछन् ।

बेसिक प्याकेज खरिद गर्ने ग्राहकले १ वर्षको प्रति टेलिभिजन रु. ३ हजार शुल्क बुझाउनु पर्नेछ भने प्रिमियम प्याकेज खरिद गर्ने ग्राहकले ४ देखि १० वटा टेलिभिजनका लागि १ वर्षको प्रति टेलिभिजन रु. ४ हजार ३ सय बीस र ११ वा सो भन्दा बढी टेलिभिजनका लागि १ वर्षको प्रति टेलिभिजन रु. ३ हजार छ सय शुल्क बुझाउनु पर्नेछ ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**

E-mail: ntc.news@ntc.net.np **फोन: ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो** Newsletter **कम्पनीको** website: www.ntc.net.np **मा पनि उपलब्ध छ ।**

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Navin Kumar Mishra

Editor : Santosh Khanal
Editorial Team : Meghanath Dhakal